# चेपाङ समुदायको सामाजिक तथा आर्थिक अवस्थाको विस्तृत अध्ययन प्रतिवेदन

## गण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

## भुम्लिचोक, गोरखा

## २०८१

प्रतिवेदन तयार गर्ने निकाय

SCS CONSULTING SERVICE Pvt. Ltd .

नागार्जुन-१, रानीबन, काठमाडौं

# विषय सूची


विषय सूची ....................................................................................................ii
संक्षिप्त रुपको सूची ....................................................................................................v
अध्ययन टोली....................................................................................................vi
१. सामान्य परिचय .................................................................................................... १
१.१ परिचय .................................................................................................... १
१.२ अध्ययन स्थल .................................................................................................... २
१.३ अध्ययनको आवश्यकता.................................................................................................... ३
१.४ अध्ययनको उद्देश्य .................................................................................................... ३
२. अध्ययन विधि .................................................................................................... ४
२.१ सामान्य परिचय.................................................................................................... ४
२.२ स्थलगत अध्ययन टोली अभिमुखिकरण .................................................................................................... ४
२.३ घरधुरी सर्वेक्षण.................................................................................................... ५
२.४ सार्वजनिक परामर्श छलफल .................................................................................................... ६
२.५ मुख्य सूचनादाता अन्तर्वार्ता .................................................................................................... ६
२.६ तथ्याङ्क विश्लेषण र प्रस्तुति .................................................................................................... ७
३. सामाजिकआर्थिक अवस्था- .................................................................................................... ८
३.१ पृष्ठभूमि.................................................................................................... ८
३.२ भौगोलिक अवस्था.................................................................................................... ८
३.३ सामाजिक-आर्थिक अवस्था.................................................................................................... ८
३.३.१ जनसंख्या विवरण ....................................................................................................८
३.३.२ उमेर समुह अनुसारको जनसंख्या विवरण ....................................................................................................९
३.३.३ जातजाति विवरण.................................................................................................... १०
३.३.४ साक्षरता अवस्था .................................................................................................... ११
३.३.५ शैक्षिक अवस्था.................................................................................................... १२
३.३.६ पेशागत स्थिति .................................................................................................... १३
३.४ सर्वेक्षण गरिएको घरपरिवारको सामाजिक-आर्थिक अवस्था.................................................................................................... १४
३.४.१ जनसंख्या .................................................................................................... १४

३.४.२ धर्म ........ १५
३.४.३ मातृभाषा ........ १५
३.४.४ चाडपर्व ........ १५
३.४.५ शैक्षिक अवस्था ........ १६
३.४.६ पेशागत अवस्था ........ १७
३.४.७ बसोबास ........ १७
३.४.८ बसाइँ सराई ........ १८
३.४.९ आम्दानीको स्रोत ........ १९
३.४.१० पारिवारीक खर्च ........ २०
३.४.११ खाद्य पर्याप्तता ........ २२
३.४.१२ कृषि कार्यमा मलको प्रयोग ........ २३
३.४.१३ कृषि कार्यमा किटनाशक विषादीको प्रयोग ........ २४
३.४.१४ कृषिमा आधुनिक विधिको प्रयोग ........ २५
३.४.१५ पशुपंछी ........ २७
३.४.१६ घरको प्रकार ........ २७
३.४.१७ खानेपानीको मुख्य स्रोत ........ २८
३.४.१८ शौचालयको अवस्था ........ २९
३.४.१९ खाना पकाउने ईन्धनको स्रोत ........ २९
३.४.२० चुलोको प्रकार ........ ३०
३.४.२१ बत्ती बाल्न प्रयोग हुने इन्धनको स्रोत ........ ३०
३.४.२२ अन्नबाली कुटानी ........ ३२
३.४.२३ अन्नबाली पिसानी ........ ३२
३.४.२४ घरायासी सामान ........ ३३
**३.५ स्वास्थ्य तथा सरसफाई ........ ३४**
३.५.१ गत बर्ष बिरामी भए नभएको अवस्था ........ ३४
३.५.२ मुख्य रोगहरु ........ ३४
**३.६ लैंगिक अवस्था ........ ३५**
३.६.१ दैनिक काम गर्ने समय ........ ३५
३.६.२ सम्पतिको स्वामित्व ........ ३५
**३.७ गाउँपालिकाको सेवा सुविधा सम्बन्धि ........ ३६**
३.७.१ पालिकाबाट प्रदान गरिएको अनुदानसहयोग/ ........ ३६
३.७.२ गाउँपालिकाबाट प्रदान गरिएका सेवा सम्बन्धि धारणा ........ ३७
**४. अध्ययनको निष्कर्ष ........ ३९**

## तालिका सूची


तालिका ३.१: गोरखा जिल्लाको जनसंख्या........................................................................ ८
तालिका ३.२: गण्डकी गाउँपालिकाको जनसंख्या........................................................................ ९
तालिका ३.३: गोरखा जिल्लाको उमेर समूह अनुसार जनसंख्या (प्रतिशतमा) .............................. ९
तालिका ३.४: गण्डकी गाउँपालिकाको उमेर समूह अनुसार जनसंख्या (प्रतिशतमा) ..................... १०
तालिका ३.५: गोरखा जिल्लाको जातजाति अनुसारको जनसंख्या ............................................. १०
तालिका ३.६: गण्डकी गाउँपालिकाको जातजाति अनुसारको जनसंख्या...................................... ११
तालिका ३.७: गोरखा जिल्लाको साक्षरता स्थिति (५ वर्ष र माथि)............................................ ११
तालिका ३.८: गण्डकी  गाउँपालिकाको साक्षरता स्थिति (५वर्ष र माथि).................................. १२
तालिका ३.९: गोरखा जिल्लाको तह अनुसारको शैक्षिक अवस्था............................................... १२
तालिका ३.१०: गण्डकी गाउँपालिकाको तह अनुसारको शैक्षिक स्थिति ...................................... १३
तालिका ३.११: गोरखा जिल्लाको पेशागत स्थिति........................................................................ १३
तालिका ३.१२: चेपाङ घरपरिवारको जनसंख्या........................................................................ १४
तालिका ३.१३: सर्वेक्षण गरिएका जनसंख्याको तह अनुसारको शैक्षिक स्थिति ............................ १६
तालिका ३.१४: सर्वेक्षण गरिएका जनसंख्याको पेशागत अवस्था................................................ १७
तालिका ३.१५: सर्वेक्षण गरिएका जनसंख्याको हालको बसोबास ............................................... १८
तालिका ३.१६: सर्वेक्षण गरिएको घरपरिवारको औषत बार्षिक आम्दानीको स्रोत........................ २०
तालिका ३.१७: सर्वेक्षण गरिएको घरपरिवारको औषत बार्षिक खर्च......................................... २०
तालिका ३.१८: घरपरिवारको खाद्य पर्याप्तताको स्थिति( प्रतिशतमा( ........................................ २२
तालिका ३.१९: मलको प्रयोग सम्बन्धि विवरण ........................................................................ २३
तालिका ३.२०: कृषि कार्यमा आधुनिक बिधिहरु अपनाएको ................................................... २५
तालिका ३.२१: कृषि कार्यमा अपनाएको आधुनिक बिधिहरु ................................................... २६
तालिका ३.२२: पशुपंछी संख्या.................................................................................... २७
तालिका ३.२३: सर्वेक्षण गरिएका क्षेत्रको खानेपानीका मुख्य स्रोतहरु(बहुउत्तर)........................ २८
तालिका ३.२४:  शौचालय प्रयोगको स्थिति........................................................................ २९
तालिका ३.२५: सर्वेक्षण गरिएका घरपरिवारको बत्ती बाल्ने इन्धनको स्रोत................................ ३१
तालिका ३.२६: अन्नबाली कुटानिमा प्रयोग हुने साधन (बहुउत्तर)............................................... ३२
तालिका ३.२७: अन्नबाली पिसानिमा प्रयोग हुने साधन (बहुउत्तर)............................................... ३२
तालिका ३.२८: सर्वेक्षण गरिएको घरधुरीमा घरायासी सामानको अवस्था.................................. ३३
तालिका ३.२९: पालिकाबाट प्रदान गरिएको अनुदानसहयोग लिएको/ ........................................ ३६
तालिका ३.३०: पालिकाबाट प्रदान गरिएको अनुदानसहयोग प्रयोजन/ ........................................ ३७

तालिका ३.३१: पालिकाबाट प्रदान गरिएको सेवा सुविधा सम्बन्धि सन्तुष्टि................................ ३८

# संक्षिप्त रुपको सूची

| | | |
|---|---|---|
| आ.वि. | : | आधारभूत बिद्यालय |
| क्र.सं. | : | क्रम संख्या |
| मा.वि. | : | माध्यमिक बिद्यालय |
| ने.रु. | : | नेपाली रूपैया |

# अध्ययन टोली

**चन्द्र कान्त लौडारी, टोली प्रमुख**

**दिगन्त अधिकारी, समाजशास्त्री**

**राजेश महर्जन, तथ्यांक विश्लेषक**

**नेत्र प्रसाद भेटुवाल, स्थलगत सुपरिवेक्षक**

**राजिब लोहनी, स्थलगत सहायक सुपरिवेक्षक**

**निशा चेपाङ, गणक**

**सरस्वती चेपाङ, गणक**

**अनुप चेपाङ, गणक**

**अनिश चेपाङ, गणक**

**कुमारी चेपाङ, गणक**

**रन्जन चेपाङ, गणक**

# १. सामान्य परिचय

## १.१ परिचय

नेपालमा परापुर्व काल देखिनै विभिन्न जात जाति, सम्प्रदाय आदिको बसोवास रहेको पाईन्छ। उच्च हिमाली भेग, पहाडी भूभाग हुँदै समथर तराईको फाँट अनुसारको भौगोलिक भिन्नता रहेको नेपालमा भूगोल अनुकुलका क्षेत्रमा भिन्न भिन्न जातिको वसोबास रहेको छ। यसरी बसोबास गरिरहेका जातजातिहरु मध्ये कतिपय जातिहरु राज्यको शासन प्रणालीको मूल प्रवाह भन्दा बाहिर रही बसोबास गर्दै आइरहेको आदिवासी जनजातिहरु रहेको पाईन्छ। आदिवासी जनजातिको परिभाषा सम्बन्धि एकरुपता नभएता पनि सामान्यतया आदिवासी जनजाति भन्नाले कुनै निश्चित भूगोलमा बसोबास गर्ने, मौलिक भाषा, संस्कृति र प्रचलन र छुट्टै इतिहास भएका समुदायलाई बुझिन्छ। जनजातिको पहिचान मुख्य आधार भनेका मातृभाषा, परम्परागत रीतिरिवाज, संस्कृति, सामाजिक संरचना र इतिहास हुन्।

नेपालको पछिल्लो जनगणना २०७८ को नतिजा अनुसार नेपालमा कुल ६० वटा आदिवासी जनजातिको बसोबास र कुल १२४ थरि मातृभाषी रहेको देखिन्छ। नेपालको आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार भौगोलिक वनावटका आधारमा हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्री तराई क्षेत्रमा ६ र तराई क्षेत्रमा १२ आदिवासी जनजातिहरू बसोबास गरिरहेको देखिन्छ। यसरी बसोबास गरिरहेका आदिवासीहरु मध्ये पहाडी क्षेत्रमा बसोबास गर्ने चेपाङ जाति (प्रजा) पनि एक हुन्। समूहका हिसावले हेर्दा यी जातिहरु अति सीमान्तकृत सुचिको अवस्थामा रहेका छन्। यी जातिहरुको प्रमुख वसोबास क्षेत्र बागमती प्रदेशको मकवानपुर, चितवन, धादिङ र गण्डकी प्रदेशको गोरखा जिल्ला रहेको पाईन्छ।


नेपालको रास्ट्रिय जनगणना २०७८ अनुसार चेपाङ जातिको जनसँख्या र उनीहरुको मातृभाषा बोल्नेको संख्या यस अघिको रास्ट्रिय जनगणना २०६८ भन्दा बढेको देखिन्छ । रास्ट्रिय जनगणना २०६८ मा चेपाङ जातिको कुल जनसँख्या ६८,३९९ रहेकोमा २०७८ मा ८४,३६४ रहेको देखिन्छ भने मातृभाषा बोल्ने को संख्या ४८,४७६ रहेकोमा ५८,३९२ रहेको देखिन्छ।

राज्यको मूल प्रवाह र शासन प्रणाली भन्दा धेरै टाढा रही परापुर्वकाल देखिनै आफ्नै मौलिक संस्कृति, भेषभुषामा रम्दै आफ्नो जिवनयापन गर्दै आइरहेका चेपाङ जातिका उत्पति तथा विविध पक्ष बारेमा कमै मात्र लेख रचनाहरु उपलब्ध रहेका छन् । यसै गरि हालका मिति सम्म विभिन्न माध्यम मार्फत संकलन गरिएका, प्रकाशित गरिएका लेख रचनाहरुमा यी जातिको उत्पत्तिका

बिषयमा एकरुपता देखिदैन। वाङको अर्थ ढुङ्गा हुने भएकोले भिर पाखा पहरा र ढुङ्गाको चेपमा बस्ने भएकोले चेप+वाङ भएको अनुमान गर्न सकिन्छ भने च्यवन ऋषिका सन्तान हुनाले चेपाङ भएको भन्ने धारण पनि विभिन्न लेख रचनामा उल्लेख गरिएको पाउन सकिन्छ।

## १.२ अध्ययन स्थल

यो अध्ययन गण्डकी प्रदेश, गोरखा जिल्ला गण्डकी गाउँपालिकामा बसोबास गरिरहेका चेपाङमा आधारित रहेको छ। भौगोलिक हिसाबले नेपालको मध्य क्षेत्र् आसपास रहेको ऐतिहासिक गोरखा जिल्लामा रहेको कुल ११ स्थानिय तह मध्ये गण्डकी गाउँपालिका पनि एक हो। यस गाउँपालिकाको कुल क्षेत्रफल १२३.८६ वर्ग मिटर रहेको छ ।भौगोलिक अवस्थितिका आधारमा यस जिल्लाको पूर्वी तथा दक्षिणमा धादिङ जिल्ला, पश्चिममा चितवन र उत्तरमा यसै जिल्लाको शहिद लखन गाउँपालिका रहेको छ। यस गाउँपालिकामा कुल ८ वटा वडाहरु रहेका छन् भने यस अध्ययन अन्तर्गत गण्डकी गाउँपालिका भित्र चेपाङ जातिको बसोबास रहेको वडा नम्बर १, २, ६ र ७ वडा समेटिएको छ । गण्डकी गाउँपालिका र अध्ययन क्षेत्रको नक्सा तल चित्र १.१ मा देखाइएको छ।




चित्र १.१: गण्डकी गाउँपालिकाको नक्सा र अध्ययन क्षेत्र

## १.३ अध्ययनको आवश्यकता

नेपाल सरकार संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम स्थानिय तहले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याँकीय आधार तयार गर्नुपर्ने दायित्व रहेको छ। गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्नका लागि सम्बन्धित पालिकाले आफ्नो पालिका भित्र रहेका बसोबास गरिरहेका बासिन्दाको भिन्नता, धार्मिक साँस्कृतिक अवस्था, आर्थिक सामाजिक अवस्था लगायत आधारभूत तहको ज्ञानले गाउँपालिकाले आवश्यकतामा आधारित विकास कार्यक्रम तथा पालिका भित्र बसोबास गरिरहेका जनसँख्याको भिन्नताका आधारमा रणनैतिक योजना तर्जुमा गर्नका लागि सहयोग पुग्दछ। यसका अलावा यस अध्ययनले यस पालिका भित्र बसोबास गरिरहेका चेपाङ जातिको समग्र अवस्थाका बारेमा तथ्यपरक ज्ञान प्रदान गर्नुका साथै चेपाङ जाति सँग सम्बन्धित रहेर समान प्रकृतिका अध्ययन अनुसन्धानमा चासो राख्ने संघ संस्था, अनुसन्धानकर्ता, योजनाकार लगायत अन्य सरोकारवालाका लागि उपयोगी हुन् सक्दछ।

## १.४ अध्ययनको उद्देश्य

गोरखा जिल्ला, गण्डकी गाउँपालिकामा बसोबास गरिरहेका चेपाङ जातिको सामाजिक आर्थिक अध्ययनको मुख्य उदेश्य यस जातिको समग्र सामाजिक, आर्थिक,सांस्कृतिक अवस्थाको अध्ययन गर्नु रहेको छ। यसका थप उदेश्यहरु यस प्रकार रहेको छ :

- यस पालिका भित्र वसोबास गरिरहेका चेपाङ जातिको कुल जनसंख्या, धर्म, भाषा, साक्षरता, शैक्षिक अवस्था, पेशा रोजागरी, लैंगिक अवस्था आदिका बारेमा जानकारी संकलन गर्ने
- गाउँपालिका भित्र बसोबास गरिरहेका चेपाङ जाति लक्षित कार्यक्रम संचालन गर्न मार्ग निर्देशन होस् भन्ने अभिप्रायले वास्तविक र वस्तुगत सुचना संकलन तथा व्यवस्थापन गर्ने

# २. अध्ययन विधि

## २.१ सामान्य परिचय

प्रस्तावित अध्ययन अन्तर्गत गाउँपालिका भित्र बसोबास गरिरहेका चेपाङ जातीको घरपरिवारको घरधुरी सर्वेक्षण, स्थानीय सरोकारवाला अन्तरक्रिया, मुख्य जानाकार सर्वेक्षण आदि कार्य पर्दछन्। यसका अतिरिक्त चेपाङ जातीसँग सम्बन्धित तथ्याङ्क, सूचना, जानकारी आदि संकलन गरी तथ्याङ्क प्रविष्टि, प्रशोधन गरी तालिकीकरण गरियो। प्राप्त तालिकाको आधारमा तथ्याङ्क विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार पारियो। यस कार्यका लागि स्थलगत अध्ययन २०८० फाल्गुण महिनामा गरिएको थियो।

## २.२ स्थलगत अध्ययन टोली अभिमुखिकरण

स्थलगत अध्ययन टोली परिचालन गर्नु पुर्व स्थलगत अध्ययनको लागि सुपरिवेक्षक, सर्वेक्षक र अन्य सहयोगी सहितको स्थलगत अध्ययन टोली तयार गरियो। स्थलगत अध्ययन टोलीलाई अध्ययनको उद्देश्य, अध्ययन विधि आदिबारेमा जानकारी दिनको लागि



गाउँकार्यपालिकाको कार्यालयमा एक दिनको अभिमुखिकरण तालिम आयोजना गरियो। अभिमुखीकरण तालिममा स्थलगत अध्ययन टोलीलाई अध्ययन विधि, अध्ययनमा प्रयोग हुने प्रश्नावली, चेकलिष्ट, अध्ययनबाट प्राप्त गर्नुपर्ने तथ्याङ्क, सूचना, जानकारी आदिको बारेमा विस्तृत जानकारी गराइयो।

त्यसैगरी अध्ययनसँग सम्बन्धित तथ्याङ्क, सूचना, जानकारी प्राप्त गरिने स्रोतको बारेमा जानकारी गराइयो। यसका साथै अध्ययनको क्रममा सम्पर्क गर्नुपर्ने लक्षित व्यक्ति, सरोकारवाला व्यक्ति तथा निकाय आदिको बारेमा जानकारी गराइयो।

## २.३ घरधुरी सर्वेक्षण

स्थलगत अध्ययन टोलीलाई अभिमुखीकरण तालिम पश्चात चेपाङ जातीको बसोबास रहेका स्थान तथा वडाहरुका वारेमा जानकारी गराइयो। यस अध्ययनको उदेश्य परिपूर्तिका लागि घरधुरी सर्वेक्षणमा खटिने गणकहरुको चयन गाउँपालिकासँगको सहकार्य चेपाङ जातिकै योग्य क्षमतावान् गणक चयन गरि गरिएको थियो। घरधुरी सर्वेक्षण मार्फत गरिने सुचना संकलन कार्यलाई छिटो छरितो तथा कम त्रुटी हुने गरि प्रविधिको उपयोग गर्दै KOBO मार्फत घरधुरी सर्वेक्षण गरिएको थियो। गणकहरुलाई प्रविधि चलाउन सहजता भइ निर्वाध





रुपले घरधुरी सर्वेक्षण कार्य अघि बढाउन सकुन भन्ने हेतुले नमुना घरधुरी सर्वेक्षण गराई खटाईको थियो।

घरधुरी सर्वेक्षण मार्फत जनसंख्या, आर्थिक-सामाजिक अवस्था, लैंगिक अवस्था, विद्यमान जीविकोपार्जन स्थिति लगायतका तथ्याङ्क, सूचना तथा जानकारी संकलन गरिएको थियो।

## २.४ सार्वजनिक परामर्श छलफल

चेपाङ जातिको वसोवास रहेको विभिन्न वस्तीहरुमा सार्वजनिक परामर्श छलफल गरियो। उक्त छलफलमा चेपाङ समुदायका अगुवा व्यक्तिहरु, महिला समुहका प्रतिनिधिहरु, स्थानीय तहका चेपाङ समुदायका जनप्रतिनिधिहरु, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, सामाजिक कार्यकर्ता, राजनितिक दलका प्रतिनिधिहरु, वुद्धिजिवी वर्ग आदिको सहभागितामा सार्वजनिक परामर्श वैठक गरिएको थियो। वैठकमा सहभागीहरुलाई अध्ययनको उदेश्यका वारेमा जानकारी गराई चेपाङ जातिको सामाजिक आर्थिक अवस्था, जीविकोपार्जन, शैक्षिक अवस्था, अवस्था सुधारका लागि आवश्यक कार्यक्रम आदिका वारेमा छलफल गरिएको थियो। सार्वजनिक छलफलका क्रममा चेकलिष्टमा रहेका तथ्याङ्क तथा सूचनाहरु समेत संकलन गरियो।




## २.५ मुख्य सूचनादाता अन्तर्वार्ता

मुख्य सूचनादाता अन्तर्वार्ता यस जातिसँग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने विभिन्न सरोकारवाला संस्था तथा व्यक्तिहरुसँग आयोजनाको वारेमा अन्तर्वार्ता गरिएको थियो। पालिका प्रतिनिधि, वडा प्रतिनिधि, विद्यालय, स्थानीय संघसंस्था, सामाजिक कार्यकर्ता, राजनीतिक दलका प्रतिनिधिहरुसँग यस जातिको विद्दमान अवस्था तथा अवस्था सुधारका लागि आवश्यक कार्यक्रमका वारेमा अन्तर्वार्ता गरिएको थियो र यस मार्फत प्राप्त भएका विभिन्न सूचना तथा सुझावहरुलाई चेकलिष्टमा उतार गरियो।



## २.६ तथ्याङ्क विश्लेषण र प्रस्तुति

सङ्कलन गरिएका सबै तथ्याङ्क, सूचना र जानकारीहरू प्राविधिक विज्ञको सहायतामा EXCEL सफ्टवेयर प्रयोग गरि तथ्याँकहरुलाई आवश्यक प्रशोधन गरेर आवश्यकता अनुसार प्रयोग गर्नका लागि व्यवस्थित गरिएको छ। यस बाहेक, सङ्कलन गरिएका तथ्याङ्क र सूचनाहरूलाई अर्थपूर्ण प्रयोगका लागि विभिन्न शीर्षकहरूमा वर्गीकरण गरिएको छ। सङ्कलित सूचना तथा तथ्याङ्कहरूलाई तालिकामा प्रस्तुत गरि वर्णनात्मक विधि प्रयोग गरी विश्लेषण गरिएको छ।



# ३. सामाजिक-आर्थिक अवस्था

## ३.१ पृष्ठभूमि

संघीयताको कार्यान्वयन संगै स्थापना भएका स्थानीय तहहरु मार्फत मुख्य रुपमा स्थानीय बासीहरुलाई चुस्त दुरुस्त सेवा प्रबाह गर्ने लक्ष्य राखिएको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार चेपाङ जाति को जम्मा जनसंख्या ८४,३६४ रहेको छ जस मध्ये गोरखा जिल्ला, गण्डकी गाउँपालिका पनि चेपाङ जातिको बाहुल्यता रहेको स्थानीय तह हो । पालिकाको बार्षिक नीति तथा कार्यक्रम देखि पिछडिएका समुदाय लक्षित कार्यक्रम तर्जुमा गर्न यस पालिका भित्र वसोबास गरिरहेका चेपाङ जातिको कुल जनसंख्या, धर्म, भाषा, साक्षरता, शैक्षिक अवस्था, पेशा रोजागरी, लैंगिक अवस्था आदिका बारेमा जानकारी संकलन गर्नु वान्छनिय देखिन्छ ।

## ३.२ भौगोलिक अवस्था

गण्डकी गाउँपालिका भौगोलिक हिसाबले पूर्वमा धादिङ जिल्ला पश्चिममा चितवन उत्तरमा शहिद लखन गा.पा. दक्षिणमा धादिङ जिल्लाले घेरियर रहेको छ  पर्दछ। यस पालिकाको कूल क्षेत्रफल १२३.८६ वर्ग कि.मि. रहेको छ। हावापानीको हिसाबले अर्धोष्ण, समसितोष्ण, सितोष्ण खालको रहेको छ भने वार्षिक औषत वर्षा १९०० मि.लि. मापन गरिएको छ।

## ३.३ सामाजिक-आर्थिक अवस्था

### ३.३.१ जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गोरखा जिल्लाको कूल जनसंख्या २५१,०२७ रहेको छ । कूल जनसंख्या मध्ये पुरुष ४७.१ प्रतिशत र महिलाको ५२.९ प्रतिशत रहेको छ। परिवारको औसत आकार करिब ३.५ रहेको छ भने लैंगिक अनुपात करिब ८८.९ रहेको छ। गोरखा जिल्लाको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१: गोरखा जिल्लाको जनसंख्या**

| घरधुरी संख्या | पुरुष | | महिला | | कुल जनसंख्या | परिवारको आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | | |
| ७१,८२६ | ११८,१५५ | ४७.१ | १३२,८७२ | ५२.९ | २५१,०२७ | ३.५ | ८८.९ |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी गाउँपालिकाको कूल जनसंख्या ५,६५९ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ४८.०९३ प्रतिशत र ५१.९०७ प्रतिशत रहेको देखिन्छ। परिवारको औसत आकार करिब ३.८ रहेको छ भने लैंगिक अनुपात ९२.७ रहेको छ। गण्डकी गाउँपालिकाको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२: गण्डकी गाउँपालिकाको जनसंख्या**

| पालिका | घरधुरी संख्या | पुरुष | | महिला | | कुल जनसंख्या | परिवारको आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | | |
| गण्डकी | ५,६५९ | १०,२८९ | ४८.०९३ | ११,१०५ | ५१.९०७ | २१,३९४ | ३.८ | ९२.७ |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

### ३.३.२ उमेर समुह अनुसारको जनसंख्या विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गोरखा जिल्लाको कूल जनसंख्या मध्ये सवै भन्दा धेरै १५ देखि ६० बर्ष उमेर समुह ५९.३ प्रतिशतको जनसँख्या रहेको छ। यसैगरी ६० बर्ष वा माथिको समुह भित्र १७.१ प्रतिशत, ५-१४ बर्ष भित्र १६.९ प्रतिशत रहेको छ भने सबै भन्दा कम ५ बर्ष भन्दा मुनिको उमेर समुह भित्र ६.७ प्रतिशत जनसंख्या रहेको देखिन्छ। गोरखा जिल्लाको उमेर समुह अनुसारको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.३: गोरखा जिल्लाको उमेर समूह अनुसार जनसंख्या (प्रतिशतमा)**

| लिङ्ग | ०-४ बर्ष | ५-१४ बर्ष | १५-५९ बर्ष | ६० बर्ष वा माथि | कुल |
|---|---|---|---|---|---|
| पुरुष | ७.५ | १८.२ | ५७.० | १७.३ | १००.० |
| महिला | ६.० | १५.५ | ६१.५ | १६.९ | १००.० |
| **कुल** | **६.७** | **१६.९** | **५९.३** | **१७.१** | **१००.०** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गण्डकी गाउँपालिकामा पनि गोरखा जिल्लामा जस्तै सवै भन्दा धेरै १५ देखि ६० बर्ष उमेर समुहको जनसंख्यानै रहेको देखिन्छ। यो उमेर समुह ६०.६ प्रतिशत, ६० बर्ष वा माथिको समुह भित्र १७.४ प्रतिशत, ५-१४ बर्ष भित्र १५.४ प्रतिशत रहेको छ भने सबै भन्दा कम ५ बर्ष भन्दा मुनिको उमेर समुह भित्र ६.५ प्रतिशत जनसंख्या रहेको देखिन्छ। गण्डकी गाउँपालिकाको उमेर समुह अनुसारको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.४: गण्डकी गाउँपालिकाको उमेर समूह अनुसार जनसंख्या (प्रतिशतमा)**

| पालिका | ०-४ बर्ष | ५-१४ बर्ष | १५-५९ बर्ष | ६० बर्ष वा माथि | कुल |
|---|---|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत | प्रतिशत |
| पुरुष | ६.९ | १६.२ | ५९.१ | १७.८ | १००.० |
| महिला | ६.२ | १४.६ | ६२.१ | १७.१ | १००.० |
| **कुल** | **६.५** | **१५.४** | **६०.६** | **१७.४** | **१००.०** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

## ३.३.३ **जातजाति विवरण**

गोरखा जिल्लामा मुख्य रुपमा जनजाति, ब्राह्मण/क्षेत्री, र दलितको बसोबास रहेको छ। नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार गोरखा जिल्लामा कूल जनसंख्याको ५७.४ प्रतिशत जनजाती समुह, २३.५ प्रतिशत ब्राह्मण तथा क्षेत्रीको जनसंख्या रहेको छ। यसैगरी दलित समुदायको जनसंख्या १७.१ प्रतिशत रहेको छ र अन्य समूहको जनसंख्या ०.३ प्रतिशत रहेको छ। गोरखा जिल्लाको जातजाति अनुसारको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.५: गोरखा जिल्लाको जातजाति अनुसारको जनसंख्या**

| ब्राह्मण, क्षेत्री | | चेपाङ | | जनजाति | | दलित | | अन्य | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| ५८,९६३ | २३.५ | ४,२६८ | १.७ | १४४,१७४ | ५७.४ | ४२,९१९ | १७.१ | ७०३ | ०.३ | २५१,०२७ |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

गण्डकी गाउँपालिकाको कूल जनसंख्या मध्ये सबै भन्दा धेरै जनजाति समूहको जनसंख्या ४७.५ प्रतिशत, ब्राह्मण/क्षेत्रीको जनसंख्या २०.६ प्रतिशत रहेको छ। यसैगरि चेपाङ जातिको जनसंख्या १६.९ प्रतिशत, दलित समुदायको जनसंख्या १४.२ प्रतिशत रहेको छ भने ०.७ प्रतिशत अन्य जातिको रहेको छ। गण्डकी गाउँपालिकाको जातजाति अनुसारको जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.६: गण्डकी गाउँपालिकाको जातजाति अनुसारको जनसंख्या**

| जातजाती | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण/क्षेत्री | २,१५७ | २१.० | २,२५४ | २०.३ | ४,४११ | २०.६ |
| चेपाङ | १,८२० | १७.७ | १,८०४ | १६.२ | ३६,२४ | १६.९ |
| जनजाति | ४,८१५ | ४६.८ | ५३,४९ | ४८.२ | १०,१६४ | ४७.५ |
| दलित | १४,२३ | १३.८ | १,६२३ | १४.६ | ३,०४६ | १४.२ |
| अन्य | ७४ | ०.७ | ७५ | ०.७ | १४९ | ०.७ |
| कुल | **१०,२८९** | **१००.०** | **११,१०५** | **१००.०** | **२१,३९४** | **१००.०** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

### ३.३.४ साक्षरता अवस्था

नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८ अनुसार नेपालको समग्र साक्षरता ७६.२ प्रतिशत रहेको पाइन्छ। पुरुष र महिलाको साक्षरता क्रमश ८३.६ प्रतिशत र ६९.४ प्रतिशत रहेको छ। गोरखा जिल्लाको समग्र साक्षरता ७२.४ प्रतिशत रहेको छ। यस जिल्लामा पुरुष साक्षरता ८०.५ प्रतिशत र महिला साक्षरता ६५.२ प्रतिशत रहेको छ। गोरखा जिल्लाको साक्षरता स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.७: गोरखा जिल्लाको साक्षरता स्थिति (५ वर्ष र माथि)**

| लिङ्ग | साक्षर | | निरक्षर | | कुल जनसंख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| पुरुष | ८८,०५३ | ८०.५ | २१,२९४ | १९.५ | १०९,३४७ |
| महिला | ८१,४२४ | ६५.२ | ४३,४२४ | ३४.८ | १२४,८४८ |
| **कुल** | **१६९,४७७** | **७२.४** | **६४,७१८** | **२७.६** | **२३४,१९५** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय २०७९*

पालिका समग्र साक्षरता ७२.३ प्रतिशत रहेको पाइन्छ। पुरुष र महिलाको साक्षरता क्रमश २०.७ प्रतिशत र ३४.७ प्रतिशत रहेको छ।पालिकाको साक्षरता स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.८: गण्डकी गाउँपालिकाको साक्षरता स्थिति (५वर्ष र माथि)**

| लिंग | साक्षर | | निरक्षर | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पुरुष | ७,६०४ | ७९.३ | १९,८० | २०.७ | ९,५८४ | १००.० |
| महिला | ६,८०७ | ६५.३ | ३,६१० | ३४.७ | १०,४१७ | १००.० |
| **कुल** | **१४,४११** | ७२.३ | **५,५९०** | २७.७ | **२०,००१** | १००.० |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

### ३.३.५ **शैक्षिक अवस्था**

गोरखा जिल्लाको समग्र तहगत शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ५६.० प्रतिशत रहेको पाइन्छ। त्यसैगरी माध्यमिक उतिर्ण गर्ने १७.० प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ८.५ प्रतिशत, बाह्र वा प्रमाणपत्र तह उतिर्ण गर्ने १५.४ प्रतिशत, स्नातक उतिर्ण गर्ने २.३ प्रतिशत र स्नातकोत्तर वा माथिल्लो तह उतिर्ण गर्ने ०.७ प्रतिशत रहेको पाइन्छ। गोरखा जिल्लाको विभिन्न तह अनुसारको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.९: गोरखा जिल्लाको तह अनुसारको शैक्षिक अवस्था**

| शैक्षिक तह | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आधारभुत | ५१,३६६ | ६०.५ | ४६,३६९ | ६०.१ | ५१,३८९ | ५६.० |
| माध्यमिक | १२,२९४ | १४.५ | १०,९९३ | १४.३ | १५,५९१ | १७.० |
| एसएलसी वा एसईई | ७,७९२ | ९.२ | ६,२३९ | ८.१ | ७,८२३ | ८.५ |
| बाह्र वा प्रमाणपत्र | ९,४६० | ११.१ | १०,०२९ | १३.० | १४,१११ | १५.४ |
| स्नातक | २,४१३ | २.८ | २,४३१ | ३.२ | २,०९१ | २.३ |
| स्नातकोत्तर वा माथि | १,६२७ | १.९ | १,०४९ | १.४ | ६८५ | ०.७ |
| **कुल** | **८४,९५२** | **१००.०** | **७७,११०** | **१००.०** | **९१,६९०** | **१००.०** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

गण्डकी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई हेर्दा आधारभुत तह उतिर्ण गर्ने जनसंख्या ६१.६ प्रतिशत रहेको पाइन्छ। माध्यमिक तह उतिर्ण गर्ने १३.० प्रतिशत, एसएलसी वा एसईई उतिर्ण गर्ने ८.५ प्रतिशत, बाह्र वा प्रमाणपत्र तह उतिर्ण गर्ने १२.४ प्रतिशत, स्नातक उतिर्ण गर्ने ३.० प्रतिशत र स्नातकोत्तर वा माथिको तह उतिर्ण गर्ने १.४ प्रतिशत रहेको पाइन्छ। पालिकाको विभिन्न तह अनुसारको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१०: गण्डकी गाउँपालिकाको तह अनुसारको शैक्षिक स्थिति**

| शैक्षिक तह | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आधारभुत | ४,६०४ | ६२.३ | ३,९१६ | ६०.९ | ८,५२० | ६१.६ |
| माध्यमिक | ९७७ | १३.२ | ८२४ | १२.८ | १,८०१ | १३.० |
| एसएलसी वा एसईई | ६३१ | ८.५ | ५४५ | ८.५ | १,१७६ | ८.५ |
| बाह्र वा प्रमाणपत्र | ८३० | ११.२ | ८८२ | १३.७ | १,७१२ | १२.४ |
| स्नातक | २१८ | ३.० | १९७ | ३.१ | ४१५ | ३.० |
| स्नातकोत्तर वा माथि | १२६ | १.७ | ७१ | १.१ | १९७ | १.४ |
| **कुल** | **७,३८६** | **१००.०** | **६,४३५** | **१००.०** | १३,८२१ | **१००.०** |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

### ३.३.६ पेशागत स्थिति

गोरखा जिल्लामा आर्थिक रुपले सक्रिय जनसंख्याको आर्थिक गतिविधिलाई हेर्दा ६९.८ प्रतिशत कृषिसँग सम्बधित पेशामा संलग्न रहेको पाइन्छ। सेवा जागिरमा संलग्न जनसंख्या ८.१ प्रतिशत रहेको देखिन्छ। सेवा र बिक्री कामदारको रुपमा ४.० प्रतिशत, औजार सम्बन्धित बिक्री कामदारको रुपमा ३.२ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ। त्यसैगरी प्राथमिक पेशाकर्मीको रुपमा २.६ प्रतिशत जनसंख्या सहभागी भएको पाइन्छ। गोरखा जिल्लाको लिङ्ग अनुसार पेशागत स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.११: गोरखा जिल्लाको पेशागत स्थिति**

| पेशागत क्षेत्र | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ४२,३०८ | ६५.३ | ५३,५६० | ७३.७ | ९५,८६८ | ६९.८ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ७,०३७ | १०.९ | १०,०७३ | १३.९ | १७,११० | १२.५ |
| व्यवस्थापक | ३,२०५ | ४.९ | २,२२५ | ३.१ | ५,४३० | ४.० |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ३,१५६ | ४.९ | ७१३ | १.० | ३,८६९ | २.८ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | २,७९१ | ४.३ | २,६४० | ३.६ | ५४,३१ | ४.० |

| पेशागत क्षेत्र | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पेशाविद्हरू | २,४३३ | ३.८ | २,०५९ | २.८ | ४,४९२ | ३.३ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | २,२२३ | ३.४ | १०९ | ०.१ | २,३३२ | १.७ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ७४२ | १.१ | ६२९ | ०.९ | १,३७१ | १.० |
| कार्यालय सहायकहरू | ५५३ | ०.९ | ५१४ | ०.७ | १,०६७ | ०.८ |
| सशस्त्र बल | १९२ | ०.३ | १९ | ०.० | २११ | ०.२ |
| उल्लेख नभएको | ११० | ०.२ | १२७ | ०.२ | २३७ | ०.२ |
| कुल | ६४,७५० | ३४.७ | ७२,६६८ | १००.० | १३७,४१८ | १००.० |

*स्रोतः नेपालको राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९*

## ३.४ सर्वेक्षण गरिएको घरपरिवारको सामाजिक-आर्थिक अवस्था

### ३.४.१ जनसंख्या

सर्वेक्षण गरिएका ७५६ घरधुरीहरुको कूल जनसंख्या ३८४२ रहेको छ। पुरुष र महिलाको जनसंख्या क्रमश ५१.३ प्रतिशत र ४८.७ प्रतिशत रहेको छ। परिवारको औसत आकार ५.० रहेको छ र यो परिवार आकार जिल्ला र पालिकाको भन्दा बढी रहेको छ। सर्वेक्षण गरिएका घरपरिवारको लैंगिक अनुपात १०५.५ रहेको छ जुन जिल्ला र पालिकाको भन्दा बढी हो। सर्वेक्षण गरिएका घरधुरीहरुको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१२: चेपाङ घरपरिवारको जनसंख्या**

| वडा | पुरुष | | महिला | | कुल | घरधुरी | परिवारको आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | | | |
| १ | ४८४ | ५२.१ | ४४५ | ४७.९ | ९२९ | १९७ | ४.७ | १०८.८ |
| २ | ५२१ | ५०.० | ५२० | ५०.० | १०४१ | २१२ | ४.९ | १००.२ |
| ६ | ६९८ | ५०.३ | ६८९ | ४९.७ | १३८७ | २३७ | ५.९ | १०१.३ |
| ७ | २५६ | ५२.८ | २२९ | ४७.२ | ४८५ | ११० | ४.४ | १११.८ |
| कुल | १९५९ | ५१.३ | १८८३ | ४८.७ | ३८४२ | ७५६ | ५.० | १०५.५ |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.२ धर्म

सर्वेक्षण गरिएका कुल ७५६ घरधुरीको उनीहरुले मान्दै आइरहेको धार्मिक अवस्था हेर्दा सवै भन्दा धेरै ७६.८ प्रतिशत घरधुरीले हिन्दु धर्म मान्दै आईरहेको देखिन्छ। यसैगरी २२.० प्रतिशत जनसंख्याले इसाई धर्म मान्ने गरेको देखिन्छ जुन समग्र पालिका तथा जिल्लाको तुलानामा धेरै हो भने ज्यादै न्यून १.२ प्रतिशत घरधुरीले मात्र प्रकृति धर्म मान्ने गरेको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको धार्मिक अवस्था सम्बन्धिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| धर्म | वडा | | | | कुल |
|---|---|---|---|---|---|
| | १ | २ | ६ | ७ | |
| हिन्दु | ६५.९९ | ९२.९२ | ८६.५ | ६१.८२ | ७६.८ |
| ईसाई | २९.९५ | ७.०८ | १२.७ | ३८.१८ | २२.० |
| प्रकृति | ४.०६ | ०.०० | ०.८ | ०.०० | १.२ |
| कुल | १०० | १०० | १०० | १०० | १००.० |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.३ मातृभाषा

सर्वेक्षण गरिएका घरधुरीको उनीहरुले बोल्ने मातृभाषाको अवस्था हेर्दा सवै भन्दा धेरै ५९.६९ घरधुरीको चेपाङ मातृभाषा रहेको देखिन्छ भने बाँकी ४०.३१ घरधुरीको मातृभाषा नेपाली रहेको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको मातृभाषा अवस्था सम्बन्धिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| मातृभाषा | वडा | | | | कुल |
|---|---|---|---|---|---|
| | १ | २ | ६ | ७ | |
| चेपाङ | २६.९ | ४४.३४ | ९१.१४ | ७६.३६ | ५९.६९ |
| नेपाली | ७३.१ | ५५.६४ | ८.८६ | २३.६४ | ४०.३१ |
| कुल | १०० | १०० | १०० | १०० | १०० |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.४ चाडपर्व

घरपरिवार सर्वेक्षणको क्रममा चेपाङ घरधुरीले मान्ने मुख्य चाडपर्वका बारेमा पनि जानकारी सङ्कलन गरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार हिन्दु धर्म मान्ने चेपाङ समुदायले मान्ने मुख्य चाडपर्वमा न्वागी, बेउ पुजा, माघे संक्राती, साउने संक्रान्ति, दशैं तिहार, आइतबारे पुजा, चण्डी पुर्णिमा, चैते

दशैं आदि रहेको छ। यसै अन्तर्गत घरधुरी सर्वेक्षणले कुल घरधुरी मध्ये १९.९४ प्रतिशत इसाई धर्ममा आस्था राख्ने घरधुरी देखिएकाले इसाई धर्मका पर्वहरु मान्ने गरेको पाइयो।

### ३.४.५ **शैक्षिक अवस्था**

शैक्षिक अवस्था गणनामा समग्र जनसंख्याको ५ बर्ष उमेर वा सोभन्दा माथिको जनसंख्यालाई लिएको छ। सर्वेक्षण गरिएको घरधुरीको समग्र साक्षरता ८५.९ प्रतिशत रहेको छ जसमा पुरुष र महिलाको साक्षरता क्रमश ९०.२ प्रतिशत र ८४.९ प्रतिशत रहेको छ। त्यसैगरी गरि तहगत हिसाबले हेर्दा ६५.११ प्रतिशत जनसंख्याले आधारभूत तह अध्ययन गरेको पाइन्छ भने ६.७४ प्रतिशत जनसंख्याले माध्यमिक तह, ६.८७ प्रतिशतले एस.एल.सी/एस.ई.ई. तह, ५.१३ प्रतिशतले दश जोड दुई कक्षा/प्रमाणपत्र तह र स्नातक र स्नातकोतर तह अध्ययन गर्ने ज्यादै कम ०.४ र ०.२ प्रतिशत रहेको छ । सर्वेक्षण गरिएको जनसंख्याको शैक्षिक स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१३: सर्वेक्षण गरिएका जनसंख्याको शैक्षिक स्थिति (५ बर्ष उमेर वा सोभन्दा माथि)**

| शैक्षिक तह | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सामान्य साक्षर | १९५ | ४२.२१ | २६७ | ५७.७९ | ४६२ | १५.५ |
| आधारभुत | १०८४ | ५५.८५ | ८५७ | ४४.१५ | १९४१ | ६५.११ |
| माध्यमिक | ९७ | ४८.२६ | १०४ | ५१.७४ | २०१ | ६.७४ |
| एसएलसी वा एसईई | १०४ | ५०.७३ | १०१ | ४९.२७ | २०५ | ६.८७ |
| बाह्र वा प्रमाणपत्र | ७२ | ४७.०६ | ८१ | ५२.९४ | १५३ | ५.१३ |
| स्नातक | ८ | ६६.६७ | ४ | ३३.३३ | १२ | ०.४० |
| स्नातकोत्तर वा माथि | ५ | ७१.४३ | २ | २८.५७ | ७ | ०.२३ |
| **कुल** | **१५६५** | **५४.६** | **१४१६** | **४५.४** | **२९८१** | **१००** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

घरधुरी सर्वेक्षण अन्तर्गत सर्वेक्षण गरिएका घरधुरीमा विद्यालय जाने उमेरका बालबालिका विद्यालय जान्छन/जाँदैनन भन्ने विषयमा पनि सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार ५ बर्ष देखि १६ बर्ष भित्रका १९ जना छोरीहरु विद्यालय नजाने गरेको पाइयो भने २२ जना छोराहरु विद्यालय जान छोडेको पाइयो।

### ३.४.६ **पेशागत अवस्था**

घरधुरीको सर्वेक्षण अनुसार केटाकेटी र विद्यार्थी बाहेकका कुल जनसंख्याको सबै भन्दा धेरै ४८.७ प्रतिशत कृषि पेशामा रहेका छन्। यसै गरि १६.९ प्रतिशत गैर कृषि मजदुरीमा, ७.६ प्रतिशत कृषि मजदुरीमा छन् भने व्यापार व्यवसाय गर्ने ज्यादै कम ०.५ प्रतिशत मात्र रहेका छन्। सर्वेक्षण गरिएको घरपरिवारको पेशा अनुसारको जनसांख्यिक विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१४: सर्वेक्षण गरिएका जनसंख्याको पेशागत अवस्था (केटाकेटी र विद्यार्थी बाहेक)**

| पेशा | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | ३७७ | ३०.६ | ७७८ | ६८.३ | ११५५ | ४८.७ |
| कृषि मजदुर | १६७ | १३.५ | १४ | १.२ | १८१ | ७.६ |
| गृहिणी | १ | ०.१ | १२५ | ११.० | १२६ | ५.३ |
| गैरकृषि मजदुर | ३५७ | २८.९ | ४३ | ३.८ | ४०० | १६.९ |
| गैरसरकारी जागिर | ६९ | ५.६ | २३ | २.० | ९२ | ३.९ |
| पशुपालन | ७ | ०.६ | १९ | १.७ | २६ | १.१ |
| पेन्सन | ५ | ०.४ | ० | ०.० | ५ | ०.२ |
| बेरोजगार | १३ | १.१ | ८ | ०.७ | २१ | ०.९ |
| वृद्ध/अशक्त | ५० | ४.१ | ५८ | ५.१ | १०८ | ४.६ |
| वैदेशिक रोजगार | ८७ | ७.१ | ८ | ०.७ | ९५ | ४.० |
| व्यापार/व्यवसाय | ६ | ०.५ | ५ | ०.४ | ११ | ०.५ |
| सरकारी जागिर | ६८ | ५.५ | २७ | २.४ | ९५ | ४.० |
| अन्य | १३ | १.१ | १२ | १.१ | २५ | १.१ |
| पेशा नखुलेको | १४ | १.१ | १९ | १.७ | ३३ | १.४ |
| कुल | १२३४ | १००.० | ११३९ | १००.० | २३७३ | १००.० |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.७ **बसोबास**

सर्वेक्षण गरिएका घरधुरीको हालको बसोबास सम्बन्धिको अवस्था हेर्दा ८२.२ प्रतिशत जनसंख्या घरमानै बसोबास गरिरहेको देखिन्छ। यसैगरी १.९ प्रतिशत जनसंख्या जिल्लाभित्र, १०.६ प्रतिशत जनसंख्या प्रदेश भित्र र २.७ प्रतिशत जनसंख्या देश भित्र बसोबास गरिरहेको देखिन्छ । आफ्नो घर छोडी बिदेशमा रहेको जनसंख्याको अवस्था हेर्दा कुल जनसंख्याको २.५ प्रतिशत जनसंख्या

विदेशमा रहेको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको हालको बसोबास सम्बन्धिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका ३.१५: सर्वेक्षण गरिएका जनसंख्याको हालको बसोबास**

| हालको बसोबास | पुरुष | | महिला | | कुल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| घरमै भएको | १४५४ | ७४.२ | १७०६ | ९०.६ | ३१६० | ८२.२ |
| जिल्ला भित्र भएको | ४४ | २.२ | २९ | १.५ | ७३ | १.९ |
| प्रदेश भित्र | २९३ | १५. | ११४ | ६.१ | ४०७ | १०.६ |
| देश भित्र | ८० | ४.१ | २५ | १.३ | १०५ | २.७ |
| विदेशमा भएको | ८८ | ४.५ | ९ | ०.५ | ९७ | २.५ |
| कुल | १९५९ | १००.० | १८८३ | १००.० | ३८४२ | १००.० |


*स्रोत: घरधुरी सर्वेक्षण २०८०*

### ३.४.८ बसाइँ सराई

सर्वेक्षण गरिएका घरधुरीको बसाइँ सराई अवस्था हेर्दा ८६.१ प्रतिशत घरधुरी बसाइँ सराई नगरी बसेको देखिन्छ भने १३.९ प्रतिशत घरधुरी हाल बसोबास गरिरहेको स्थानमा अन्यत्रबाट आएको देखिन्छ। यसैगरी बसाइँ सराई गरि आएको घरधुरी मध्ये सवै भन्दा धेरै ६७.५ प्रतिशत आफ्नै आफ्नै गाउँपालिका भित्रबाट, २५.८% जिल्ला बाहिरबाट र सवै भन्दा कम ६.७ आफ्नै जिल्ला भित्रबाट आएको देखिन्छ।





सर्वेक्षण गरिएको घरधुरीको बसाइँ सराई सम्बन्धिको विवरण ( प्रतिशतमा) तल तालिकामा प्रस्तुत गरिएको छ।




### ३.४.९ आम्दानीको स्रोत

सर्वेक्षण गरिएको कुल घरधुरीको औषत बार्षिक आम्दानी रु. २,७१,६४३.३ रहेको देखिन्छ। घरपरिवारको मुख्य आम्दानी स्रोतहरुमा ज्याला मजदुरी, तरकारी/नगदेबाली बिक्रि, सेवा तथा जागिर, वैदेशिक रोजगारी, पशुपंछी विक्री व्यापार तथा व्यवसाय, सामाजिक सुरक्षा भत्ता आदि रहेको पाइन्छ।




कुल आम्दानीमा सबै भन्दा धेरै २६.२० प्रतिशत ज्याला मजदुरीको योगदान रहेको छ। सर्वेक्षण गरिएको घरपरिवारहरुको आम्दानीका विभिन्न स्रोतहरु र आम्दानीको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१६: सर्वेक्षण गरिएको घरपरिवारको औषत बार्षिक आम्दानीको स्रोत**

| शिर्षक | प्रतिघरधुरी औषत आम्दानी (रु.) | प्रतिशत |
|---|---|---|
| सेवा जागिरबाट | ४९०५९.५ | १८.१ |
| तरकारी/ नगदे वाली विक्रीबाट | ५२७६३.६ | १९.४ |
| सामाजिक सुरक्षा भत्ता | १३४२३.३ | ४.९४ |
| अन्नवाली विक्रीबाट | २६२.६ | ०.१ |
| पेन्सन,भाडा,ब्याज | ३१५२.१ | १.१६ |
| पशुपंक्षी विक्रीबाट | २०९९७.४ | ७.७३ |
| पशुजन्य उत्पादनविक्रीबाट | २१४.३ | ०.०८ |
| फलफुल विक्रीबाट | २३४९२.३ | ८.६५ |
| वैदेशिक रोजगारी | ३३३३४.७ | १२.३ |
| ज्याला मजदुरी | ७११७३.८ | २६.२ |
| व्यापार/व्यवसाय | ३७६९.८ | १.३९ |
| **जम्मा आम्दानी** | **२७१६४३.३** | **१००** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.१० पारिवारीक खर्च


सर्वेक्षण गरिएको कुल घरधुरीको औषत बार्षिक (प्रति घरधुरी) खर्च रु. ११९५५३.५ रहेको देखिन्छ भने कुल खर्च मध्ये सवै भन्दा धैरे १९.७ प्रतिशत खाद्यान्नको जोहका लागि हुने गरेको देखिन्छ । सर्वेक्षण गरिएको घरपरिवारहरुको खर्चका शीर्षक तथा सोको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१७: सर्वेक्षण गरिएको घरपरिवारको औषत बार्षिक खर्च**

| शिर्षक | प्रतिघरधुरी औषत खर्च (रु.) | प्रतिशत |
|---|---|---|
| खाद्यान्न (अन्नपात) | २३५६४.४ | १९.७ |
| नुन, तेल, आदि | ९४२९.३ | ७.९ |
| माछामासु | १०१५०.८ | ८.५ |
| फलफुल,तरकारी | ३३७०.६ | २.८ |
| लुगाफाटा | १२८६०.२ | १०.८ |

| शिर्षक | प्रतिघरधुरी औषत खर्च (रु.) | प्रतिशत |
|---|---|---|
| शिक्षा | ६९४६.६ | ५.८ |
| स्वास्थ्य उपचार | १२३१६.१ | १०.३ |
| चाडपर्व मान्न | २०८२७.५ | १७.४ |
| धुम्रपान,मध्यपान | २७२२.९ | २.३ |
| कृषि सामग्री | ३९०६.७ | ३.३ |
| यातायात, संचार | ५०८३.७ | ४.३ |
| दाउरा, ग्याँस | १८७७.७ | १.६ |
| पानी,बिजुली | १२२३.६ | १.० |
| सामाजिक संस्कार | ५२७३.३ | ४.४ |
| **जम्मा खर्च** | **११९५५३.५** | **१००.०** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*



### ३.४.११ खाद्य पर्याप्तता


सर्वेक्षण गरिएका चेपाङ घरधुरीमा सवैभन्दा धेरै ६२.१ प्रतिशत घरधुरीलाई आफ्नै उत्पादनले ४-६ महिना सम्म मात्र खान पुग्ने देखिन्छ। त्यसैगरी २९.७ प्रतिशत घरपरिवारलाई आफ्नै उत्पादनले १-३ महिना, ४.७ प्रतिशतलाई ७-९ महिना सम्म र ३.५ प्रतिशतलाइ मात्र १०-१२ महिना सम्म पुग्ने देखिन्छ। सर्वेक्षण गरिएको चेपाङ घरपरिवारको खाद्य पर्याप्तता सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.१८: घरपरिवारको खाद्य पर्याप्तताको स्थिति( प्रतिशतमा)**

| खाध्य पर्याप्तता महिना | वडा | | | | कुल |
|---|---|---|---|---|---|
| | १ | २ | ६ | ७ | |
| **१-३ महिना सम्म** | १९.३ | ३४.९ | १०.९ | ५३.६ | २९.७ |
| **४-६ महिना सम्म** | ७२.६ | ५९.४ | ७४.७ | ४१.८ | ६२.१ |
| **७-९ महिना सम्म** | ५.६ | ४.२ | ५.४ | ३.६ | ४.७ |
| **१०-१२ महिना सम्म** | २.५ | १.४ | ९.० | ०.९ | ३.५ |
| **कुल** | १००.० | १००.० | १००.० | १००.० | १००.० |


*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

यसै गरि सर्वेक्षण अन्तर्गत बर्ष भरि आफ्नै उत्पादनले खान नपुगे अपुग खाध्यानको जोह गर्ने





माध्यमका वारेमा गरिएको सर्वेक्षण अनुसार आफ्नो उत्पादनले वर्षभरि नपुग्ने घरधुरी मध्ये सवैभन्दा धेरै ४१.५ प्रतिशतले आफ्नो घरको आम्दानीले जोह गर्ने गरेको पाइयो भने सवै भन्दा कम ४.१ प्रतिशतले वित्तीय सँस्थासँग ऋण लिएर जोह गर्ने गरेको पाइयो।

### ३.४.१२ कृषि कार्यमा मलको प्रयोग





चेपाङ घरधुरीहरुमा गरिएको सामाजिक आर्थिक सर्वेक्षण अनुसार उनीहरुको मुख्य पेशा व्यवसाय कृषि रहेको छ भने आम्दानीको दोस्रो ठुलो श्रोत तरकारी तथा नगदेबाली बिक्रि रहेको देखिन्छ । सर्वेक्षणका क्रममा चेपाङहरुको कृषि कार्यमा मल प्रयोगको अवस्थाका वारेमा पनि समेटिएको थियो जसको नतिजा अनुसार ८८.५ प्रतिशत घरधुरीले जैविक तथा रासायनिक दुवै मल प्रयोग गर्ने गरेको पाइयो भने २.१ प्रतिशत घरधुरीले मात्र कुनै पनि मल प्रयोग नगर्ने गरेको पाइयो। यसै गरि वडागत रुपमा हेर्दा सबै भन्दा धेरै १ न. वडाका ९६.४ प्रतिशत घरधुरीले रासायनिक र जैविक दुवै मल प्रयोग गर्ने गरेको पाइयो भने वडा न. ७ का ७.३ प्रतिशत घरधुरीले कुनै पनि मल प्रयोग गर्ने गरेको पाइएन। सर्वेक्षण गरिएको चेपाङ घरपरिवारको वडागत रुपमा कृषि कार्यमा मलको प्रयोग सम्बन्धि विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका ३.१९: मलको प्रयोग सम्बन्धि विवरण**




### ३.४.१३ कृषि कार्यमा किटनाशक विषादीको प्रयोग





सर्वेक्षणको नतिजा अनुसार कृषि कार्यमा किटनाशक विषादीको प्रयोगको अवस्था हेर्दा सबै भन्दा धेरै १ न वडामा ९७ प्रतिशत घरधुरीले प्रयोग गर्ने गरेको देखिन्छ भने किटनाशक बिषादी प्रयोग नगर्ने घरधुरीको अवस्था हेर्दा सबै भन्दा धेरै वडा नम्बर ६मा २०.३ प्रतिशत घरधुरी रहेको पाइयो । सर्वेक्षण गरिएको चेपाङ घरपरिवारको कृषि कार्यमा मलको प्रयोग सम्बन्धि विवरण माथिको चार्टमा प्रस्तुत गरिएको छ।

सर्वेक्षण गरिएका घरधुरी मध्ये लगभग ६०.१ प्रतिशत घरधुरीले रासायनिक बिषादी प्रयोग गरेको




पाइयो भने ३९.४ प्रतिशतले जैविक तथा रासायनिक र ०.५ प्रतिशतले मात्र जैविक किटनाशक विषादीको प्रयोग गर्ने गरेको पाइयो।

### ३.४.१४ कृषिमा आधुनिक विधिको प्रयोग





सर्वेक्षणमा समेटिएको घरधुरीले कृषिमा आधुनिक विधिको प्रयोग सम्बन्धिको अवस्था हेर्दा ७०.१ प्रतिशत घरधुरीले आधुनिक विधि अपनाएको देखिन्छ भने २८.३ प्रतिशतले नअपनआएको देखिन्छ ।यसै गरि १.६ प्रतिशत घरधुरीले यस सम्बन्धि कुनै पनि प्रतिक्रिया दिएको देखिएन । यस सम्बन्धि पूर्ण विवरण तल तालिकामा दिएको छ ।

**तालिका ३.२०: कृषि कार्यमा आधुनिक बिधिहरु अपनाएको**

| आधुनिक बिधिहरु अपनाएको | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| छ | २१४ | २८.३ |
| छैन | ५३० | ७०.१ |
| प्रतिक्रिया नगरेको | १२ | १.६ |
| **जम्मा** | **७५६** | **१००.००** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

यसैगरी सर्वेक्षण गरिएका घरधुरिहरुले कृषि कार्य अन्तर्गत अपनाउने मुख्य आधुनिक विधिहरुमा खन्ने/जोत्ने मेसिन, थोपा सिंचाई, प्लास्टिक टनेल, माटोपरिक्षण आदि रहेको उल्लेख गरेका छन्। यस सर्वेक्षण अन्तर्गत ९५.५ प्रतिशतले (आधुनिक विधि अपनाउने) आधुनिक विधि अन्तर्गत प्लास्टिकको टनेल प्रयोग गरेको देखिन्छ ।




सर्वेक्षण गरिएको चेपाङ घरपरिवारको कृषि कार्यमा आधुनिक विधिको प्रयोग सम्बन्धि विवरण तल तालिका प्रस्तुत गरिएको छ।


**तालिका ३.२१: कृषि कार्यमा अपनाएको आधुनिक बिधिहरु**

| आधुनिक बिधिहरु | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| खन्ने/जोत्ने मेसिन | १ | ०.५ |
| थोपा सिंचाई | १ | ०.५ |
| प्लास्टिकटनेल | २०५ | ९६.२ |
| प्लास्टिकटनेल खन्ने/जोत्ने मेसिन | १ | ०.५ |
| प्लास्टिकटनेल थोपा सिंचाई | २ | ०.९ |
| प्लास्टिकटनेल माटोपरिक्षण | ३ | १.४ |
| **जम्मा** | **२१३** | **१००.०** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.१५ पशुपंछी

सर्वेक्षण गरिएको घरधुरीहरुको पशुपालन सम्बन्धिको अवस्था हेर्दा कुल घरधुरी मध्ये ९२.८ घरधुरीले पशुपालन गर्ने गरेको पाइयो भने बाँकी ७.२ प्रतिशत घरधुरीले पशुपालन गर्ने गरेको देखिएन। सर्वेक्षणमा क्रममा चेपाङ घरधुरीमा रहेको पशुपंछी संख्याको गणनालाई पनि समेटिएको थियो जसको पूर्ण विवरण तलको तालिकामा दिईएको छ।




**तालिका ३.२२: पशुपंछी संख्या**


| पशुपंछी | संख्या |
|---|---|
| गाईको संख्या | ४२० |
| गोरुको संख्या | ४२५ |
| भैंसीको संख्या | २२५ |
| राँगाको संख्या | १७० |
| बाखा/भेडाको संख्या | ६२८ |
| बंगुर/सुँगुरको संख्या | २१९ |
| कुखुरा/हाँसको संख्या | ५३७ |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.१६ घरको प्रकार

सर्वेक्षण गरिएको घरधुरीहरुको बसोबास सम्बन्धि उनीहरुको घरको अवस्था हेर्दा चेपाङ समुदाय बसोबास रहेका वडाहरुमा सबै जसो वडाहरुमा अर्ध-आधुनिक घर(ढुङ्गा र माटोको गारो सहित स्लेट वा जस्ताको छाना) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा ६ नम्बर वडा करिब ९८.३ प्रतिशत अर्ध-आधुनिक घर रहेकोमा सबै भन्दा कम ७ नम्बर वडामा ८७.३ प्रतिशत रहेको देखिन्छ। यो बाहेक अन्य घरका प्रकारहरुमा वडा न. १ मा ५.१ प्रतिशत घरधुरीको परम्परागत घर (ढुङ्गा र माटोको गारो सहित खरको/माटोको छाना) रहेको देखिन्छ।यसै गरि वडा न. २ मा

सबै भन्दा धेरै ४.७ प्रतिशत घरधुरीको आधुनिक घर (सिमेन्ट र ढुंगा वा इट्टा गारो सहित ढलान छाना) रहेको देखिन्छ भने सवै भन्दा कम झुप्रा/छाप्रा वडा न. ७मा ८.२  प्रतिशत रहेको देखिन्छ। सर्वेक्षण गरिएका घरपरिवारको वडा अनुसारको घरको प्रकार तल प्रस्तुत गरिएको छ।




*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.१७ खानेपानीको मुख्य स्रोत

सर्वेक्षण गरिएको घरपरिवारले खानेपानीको मुख्य स्रोतमा पाइप धाराको पानी प्रयोग गरेको पाइन्छ। कुल घरधुरीको ५९.८ प्रतिशत घरपरिवारले पाइप धाराको(घरपरिसर भित्र) पानी प्रयोग गरेको देखिन्छ भने २१.२ खोला/झरनाको पानी प्रयोग गरेको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको खानेपानीको मुख्य स्रोततहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२३: सर्वेक्षण गरिएका क्षेत्रको खानेपानीका मुख्य स्रोतहरु(बहुउत्तर)**

| पानीको श्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| धारा/पाइप (घरपरिसर भित्र) | ४५२ | ५९.८ |
| धारा/पाइप(घरपरिसर बाहिर) | ३६५ | ४८.३ |
| ट्युबवेल/हाते पम्प | ० | ०.० |
| ढाकिएको इनार/कुवा | ३ | ०.४ |
| खुला  इनार/कुवा | १८ | २.४ |
| खोला/झरना | १६० | २१.२ |
| अन्य | १ | ०.१ |
| **जम्मा सर्वेक्षण गरेका घरधुरी** | **७५६** | **१००.०** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

### ३.४.१८ शौचालयको अवस्था

सर्वेक्षणमा समेटिएका घरपरिवारमा शौचालयको अवस्था हेर्दा सबै भन्दा धेरै ७०.७ प्रतिशतको प्यान भएको खाल्डे शौचालय,१८.४ प्रतिशतको आधुनिक शौचालय २.२ प्रतिशत घरधुरीको खाल्डे शौचालय रहेको देखिन्छ भने ८.७ प्रतिशत घरपरिवारमा चर्पी सुबिधा नभएको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको शौचालय पहुँच सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका ३.२४: शौचालय प्रयोगको स्थिति**

| वडा | आधुनिक | खाल्डे | चर्पी नभएको | प्यान भएको खाल्डे | कुल |
|---|---|---|---|---|---|
| १ | ०.५ | ८.१ | ५.१ | ८६.३ | १००.० |
| २ | ४०.१ | ०.५ | १.९ | ५७.५ | १००.० |
| ६ | ३२.१ | ०.४ | ४.२ | ६३.३ | १००.० |
| ७ | ०.९ | ० | २३.६ | ७५.५ | १००.० |
| औषत | १८.४ | २.२ | ८.७ | ७०.७ | १००.० |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*


### ३.४.१९ खाना पकाउने ईन्धनको स्रोत

सर्वेक्षण गरिएको घरपरिवारको खाना पकाउने मुख्य ईन्धनको प्रयोग हेर्दा दाउरा प्रयोग गर्ने घरधुरी गरेको पाइयो। वडागत रुपमा हेर्दा सवै भन्दा धेरैवडा न. ६का ९६.४ प्रतिशत घरधुरीले दाउरा प्रयोग गर्ने गरेको देखिन्छ भने एल.पी ग्याँस प्रयोग गर्ने घरधुरीमा सवै भन्दा धेरै वडा न. १ का १२.२ प्रतिशत घरधुरी रहेको देखिन्छ। यसै गरि सवै भन्दा धेरै बिजुली प्रयोग गर्ने घरधुरीमा वडा न. ७ का १.८ प्रतिशत घरधुरीले बिजुली प्रयोग गर्ने गरेको पाइयो। सर्वेक्षण गरिएको घरपरिवारको खाना पकाउने ईन्धनको स्रोतको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।




### ३.४.२० चुलोको प्रकार

सर्वेक्षण गरिएको घरपरिवारमा खाना पकाउने चुलोको प्रकारको अवस्था हेर्दा सबै भन्दा धेरै ७ न. वडामा ९८.२ प्रतिशत घरधुरीले परम्परागत चुलो प्रयोग गर्ने गरेको




देखिन्छ भने सबै भन्दा धेरै सुधारिएको चुलो प्रयोग गर्ने घरपरिवारमा वडा न. ६मा ११.४ प्रतिशत घरधुरी रहेको देखिन्छ। यसै गरि दाउरा प्रयोग नगर्ने घरधुरीमा सबै भन्दा धेरै वडा न. १मा १०.७ प्रतिशत घरधुरी रहेको देखिन्छ। सर्वेक्षण गरिएको घरपरिवारको चुलोको प्रकारको सम्बन्धि विवरण माथिको चित्रमा प्रस्तुत गरिएको छ।

### ३.४.२१ बत्ती बाल्न प्रयोग हुने इन्धनको स्रोत

सर्वेक्षण गरिएको घरधुरी मध्ये सबै भन्दा धेरै ९३.१ प्रतिशत घरपरिवारले बत्ती बाल्न बिजुली प्रयोग गर्दछन् भने अझै पनि २.८ प्रतिशत घरधुरीले बत्ती बाल्न सोलार प्रयोग गर्ने गरेको पाइयो


।सर्वेक्षण गरिएको घरपरिवारको बत्ती बाल्ने स्रोत सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२५: सर्वेक्षण गरिएका घरपरिवारको बत्ती बाल्ने इन्धनको स्रोत**


| बत्तिको श्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| बिजुली | ७०४ | ९३.१ |
| सोलार | २१ | २.८ |
| अन्य | ३१ | ४.१ |
| **जम्मा** | **७५६** | १००.० |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

सर्वेक्षण गरिएको घरपरिवारमा बत्ति बाल्न प्रयोग हुने स्रोतको अवस्था हेर्दा सबै भन्दा धेरै वडा न. २को ९७ प्रतिशत घरधुरीमा बिजुलीको प्रयोग भएको देखिन्छ भने सोलार प्रयोग गर्ने घरधुरी हेर्दा सबै भन्दा धेरै वडा न. १ मा ४.१ प्रतिशत घरधुरी रहेको देखिन्छ ।



### ३.४.२२ अन्नबाली कुटानी




सर्वेक्षण गरिएको घरपरिवारको अन्नबाली कुटानीमा प्रयोग हुने साधनको अवस्था हेर्दा सबैभन्दा धेरै ८०.६ प्रतिशतले बिजुलीबाट चल्ने मिलको प्रयोग गर्ने गरेको पाइयो ४४.३ प्रतिशतले ढिकी/खल प्रयोग गर्ने गरेको पाइयो। सर्वेक्षण गरिएको घरपरिवारको अन्नबाली कुटानीमा प्रयोग हुने साधनको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२६: अन्नबाली कुटानिमा प्रयोग हुने साधन (बहुउत्तर)**

| अन्नबाली कुटानी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ढिकी/खल | ३२२ | ४४.३ |
| डिजेल/पेट्रोलबाट चल्ने मिल | १४५ | १९.९ |
| बिजुलीबाट चल्ने मिल | ५८६ | ८०.६ |
| **जम्मा सर्वेक्षण गरेका घरधुरी** | **७५६** | **१००.०** |

*स्रोत: घरधुरी सर्वेक्षण २०८०*

### ३.४.२३ अन्नबाली पिसानी


सर्वेक्षण गरिएको घरपरिवारको अन्नबाली पिसानिमा प्रयोग हुने साधनको अवस्था हेर्दा सबैभन्दा धेरै ८२.९ प्रतिशतले जाँतोको प्रयोग गर्ने गरेको पाइयो ७४.५ प्रतिशतले बिजुलीबाट चल्ने मिलको प्रयोग गर्ने गरेको पाइयो। सर्वेक्षण गरिएको घरपरिवारको अन्नबाली पिसानिमा प्रयोग हुने साधनको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२७: अन्नबाली पिसानिमा प्रयोग हुने साधन (बहुउत्तर)**

| अन्नबाली पिसानी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| ढिकी/खल | १७५ | २३.१ |
| डिजेल/पेट्रोलबाट चल्ने मिल | १५० | १९.८ |
| बिजुलीबाट चल्ने मिल | ५६३ | ७४.५ |

| अन्नबाली पिसानी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| जाँतो | ६२७ | ८२.९ |
| **जम्मा सर्वेक्षण गरेका घरधुरी** | **७५६** | **१००** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*




## ३.४.२४ **घरायासी सामान**

घरधुरी सर्वेक्षण अन्तर्गत चेपाङ घरधुरीमा घरायासी सामानको अवस्थाको पनि सर्वेक्षण गरिएको थियो। यस क्रममा सर्वेक्षण गरिएका घरधुरीमा सबैभन्दा धेरै कुल घरधुरीको ६०.७ प्रतिशतसँग स्मार्ट मोबाईल रहेको पाइयो। यसैगरी २९.५ प्रतिशत घरधुरीकोमा टेलिभिजन र ६.६ प्रतिशत घरधुरीको मोटरसाइकल/स्कुटर रहेको पाइयो। कम्पुटर/ल्यापटप प्रयोग गर्ने घरधुरी नगन्य मात्रामा जम्मा १.२ प्रतिशत रहेको छ। सर्वेक्षण गरिएको घरपरिवारको घरायासी सामानको अवस्था सम्बन्धि विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२८ः सर्वेक्षण गरिएको घरधुरीमा घरायासी सामानको अवस्था**


| घरायसी सुविधाका सामान | संख्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| रेडियो सुविधा | ९९ | ९९ | १३.१ |
| टेलिभिजन | २२३ | २२३ | २९.५ |
| मोबाइल फोन साधारण | १३३ | १४० | १८.५ |
| स्मार्ट मोबाइल फोन | १०४२ | ४५९ | ६०.७ |
| कम्पुटर/ल्यापटप | ९ | ९ | १.२ |

| घरायसी सुविधाका सामान | संख्या | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| इन्टरनेट सुविधा | २३ | २२ | २.९ |
| मोटरसाइकल/स्कुटर | ५० | ५० | ६.६ |
| साइकल | ६ | ६ | ०.८ |
| विधुतीय पंखा | १६८ | १४५ | १९.२ |
| रेफ्रिजिरेटर | १५ | १५ | २.० |
| **जम्मा सर्वेक्षण गरेका घरधुरी** | | **७५६** | **१००.००** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*

## ३.५ स्वास्थ्य तथा सरसफाई

### ३.५.१ गत बर्ष बिरामी भए नभएको अवस्था





घरधुरी सर्वेक्षण अन्तर्गत चेपाङ घरधुरीमा बसोबास गर्ने घरधुरीहरुलाई गत बर्ष बिरामी भए नभएको अवस्थाका बारेमा पनि जानकारी संकलन गरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार सबै भन्दा धेरै बिरामी वडा न. ६ को ५५.३ प्रतिशत घरधुरीमा बिरामी भएको देखिन्छ भने सबै भन्दा धेरै बिरामी नभएको घरधुरीमा वडा न. २ को ४८.३ प्रतिशत घरधुरी रहेको देखिन्छ। यस सम्बन्धि पूर्ण विवरण माथिल्लो चित्रमा दिईएको छ।

### ३.५.२ मुख्य रोगहरु

घरधुरी सर्वेक्षण अन्तर्गत चेपाङ घरधुरीमा बसोबास गर्ने घरधुरीहरुलाई लाग्ने मुख्य मुख्य रोगहरुको बारेमा पनि सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार सबै भन्दा धेरै देखा पर्ने रोगहरुमा टाईफाईड, झाडापखाला, आँखा सम्बन्धि, छालाजन्य, दम, प्रसुतीजन्य, क्यान्सर रहेको पाइयो।


## ३.६ लैंगिक अवस्था

### ३.६.१ दैनिक काम गर्ने समय




घरधुरी सर्वेक्षण अन्तर्गत चेपाङ घरधुरीमा बसोबास गर्ने घरधुरीहरुमा महिला पुरुषहरुले दैनिक काम गर्ने समयका बारेमा पनि सर्वेक्षण थियो। सर्वेक्षणको नतिजा अनुसार औषतमा दैनिक ८ घण्टा सम्म काम गर्नेमा सबै भन्दा धेरै महिलाहरु ७३.३ प्रतिशत रहेको पाइयो भने ८ घण्टा देखि बढी सम्म काम गर्नेमा सबै भन्दा धेरै पुरुषहरु २९.८ प्रतिशत रहेको पाइयो। यसै सम्बन्धि पूर्ण विवरण माथिल्लो चित्रमा देखाइएको छ।


### ३.६.२ सम्पतिको स्वामित्व




घरधुरी सर्वेक्षण अन्तर्गत चेपाङ घरधुरीमा बसोबास गर्ने घरधुरीहरुमा महिला पुरुषहरुको सम्पतिको स्वामित्वका बारेमा पनि सर्वेक्षण थियो। सर्वेक्षणको नतिजा अनुसार पुरुषको नाममा स्वामित्व धेरै रहनेमा वडा न. २का ३६.६ प्रतिशत घरधुरी रहेको पाइयो भने महिलाको धेरै हुनेमा वडा न. ६का ३७.३ प्रतिशत घरधुरी रहेको पाइयो। यसैगरि महिला पुरुष वरावर रहेंमा सबै भन्दा धेरै वडा न. १को ५०.५ प्रतिशत घरधुरी रहेको पाइयो । यसै सम्बन्धि पूर्ण विवरण माथिल्लो चित्रमा देखाइएको छ।


## ३.७ गाउँपालिकाको सेवा सुविधा सम्बन्धि

### ३.७.१ पालिकाबाट प्रदान गरिएको अनुदान/सहयोग




घरपरिवार सर्वेक्षणको क्रममा घरधुरी सर्वेक्षण मार्फत गण्डकी गाउँपालिका मार्फत संचालन गरिएको कार्यक्रमहरुको बारेमा चेपाङ घरपरिवारको धारणा लिइएको थियो। सर्वेक्षणको नतिजा अनुसार कुल घरधुरी मध्ये २४.९ प्रतिशतले मात्र पालिकाबाट वितरण भएका अनुदान वा सहयोग लिएको भन्ने जानकारी पाइयो भने ७५.१ प्रतिशतले नलिएको भन्ने जानकारी पाइयो। सर्वेक्षण गरिएको घरपरिवारको पालिकाबाट प्रदान गरिएको अनुदान/सहयोगको अवस्थाका बारेमा वडागत रुपमा हेर्दा सबै भन्दा धेरै वडा न. ७का ४८.२ प्रतिशत घरधुरीले अनुदान सहयोग लिएको देखिन्छ भने सबै भन्दा धेरै अनुदान नलिएको घरधुरी हेर्दा वडा न. १का ८९.३ प्रतिशत घरधुरी रहेको देखिन्छ। यसै सम्बन्धि थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.२९: पालिकाबाट प्रदान गरिएको अनुदान/सहयोग लिएको**





सर्वेक्षणका क्रममा पालिकाबाट अनुदान/सहयोग लिएका घरपरिवारहरुले अनुदान सहयोग प्राप्त गरेका प्रयोजनको अवस्थाका बारेमा पनि जानकारी लिएको थियो। यस अन्तर्गत अनुदान/सहयोग लिएको घरपरिवार मध्ये २७.४ प्रतिशत घरधुरीले पशुपालन, ९.१ प्रतिशतले कृषि प्रयोजनका लागि अनुदान/सहयोग प्राप्त गरेको पाइयो। सर्वेक्षण गरिएको घरपरिवारको पालिकाबाट प्रदान गरिएको अनुदान/सहयोगको प्रयोजनका बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.३०: पालिकाबाट प्रदान गरिएको अनुदान/सहयोग प्रयोजन**

| अनुदान/सहयोग प्रयोजन | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| जीविकोपार्जन तालिम | १ | ०.४ |
| कृषि (विउ बिजन/तरकारी तथा फलफुल खेति) | २१ | ९.१ |
| कृषि औजार | १४ | ६.१ |
| पशुपालन | ६३ | २७.४ |
| मौरी पालन | १ | ०.४ |
| छात्रवृत्ति | १ | ०.४ |
| सामाजिक सुरक्षा भत्ता | ३८ | १६.५ |
| अन्य | ९१ | ३९.६ |
| **जम्मा** | **२३०** | **१००.०** |

*स्रोतः घरधुरी सर्वेक्षण २०८०*


### ३.७.२ गाउँपालिकाबाट प्रदान गरिएका सेवा सम्बन्धि धारणा




घरपरिवार सर्वेक्षणको क्रममा घरधुरी सर्वेक्षण मार्फत गण्डकी गाउँपालिकाबाट पाउने सेवा सुविधाको सन्तुष्टि सम्बन्धि धारणाका बारेमा पनि सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको नतिजा अनुसार कुल घरधुरी मध्ये ७३.४ प्रतिशतले पालिकाबाट पाउने सेवा सुविधासँग सन्तुस्ट छु भन्ने जानकारी पाइयो भने २६.६ प्रतिशतले सन्तुस्ट छैन भन्ने जानकारी पाइयो। यसै अन्तर्गत असन्तुष्टिका कारणहरु बारेमा सर्वेक्षण गर्दा मुख्यतः चेपाङ घरधुरीको नामावली छुट गरिएको, एकल महिला भएकाले थप सुविधा नपाएको, हाल सम्म कुनै अनुदान र सहयोग नपाएकोले र सार्वजनिक पूर्वाधारहरु जस्तै बाटो, विजुली, खानेपानी आदिका माग पुरा नभएर असन्तुष्टि रहेको पाइयो। यसैगरि वडा गत रुपमा हेर्दा सबै भन्दा धेरै वडा न. १ का ९८.५ प्रतिशत घरधुरी पालिकाबाट प्रदान गरिएका सेवा सुविधा प्रति

सन्तुस्ट रहेको पाइयो भने सबै भन्दा कम वडा न. २ का ४०.६ प्रतिशत घरधुरी सन्तुस्ट नरहेको पाइयो।


**तालिका ३.३१: पालिकाबाट प्रदान गरिएको सेवा सुविधा सम्बन्धि सन्तुष्टि**




# ४.अध्ययनको निष्कर्ष


गण्डकी प्रदेश, गोर्खा जिल्ला, गण्डकी गाउँपालिकाबाट गाउँपालिका भित्र बसोबास गरिरहेका चेपाङ समुदायको सामाजिक आर्थिक अवस्थाको अध्ययन अन्तर्गत गरिएको घरधुरी सर्वेक्षणबाट उनीहरुको सामाजिक आर्थिक अवस्थाको पछिल्लो चित्रण देखिएको छ। सामाजिक आर्थिक घरधुरी सर्वेक्षणले देखाएका नतिजा अनुसार चेपाङ जातिको मुख्य आम्दानीको स्रोत ज्याला मजदुरी रहेको पाइयो। यसै अन्तर्गत आम्दानीको अर्को स्रोत तरकारीबालीको बिक्रि पनि रहेको पाइयो। कृषिकार्य गर्ने घरधुरीले अपनाउने मुख्य आधुनिक विधि मध्ये अधिकाँश घरधुरीले टनेल खेति गर्ने गरेको पाइयो। सर्वेक्षण गरिएको घरधुरीमा सुचना प्रविधि अन्तर्गत ६०.७ प्रतिशत घरधुरीसँग स्मार्ट मोबाइल फोन रहेको पाइयो। यसै गरि कुल घरधुरी मध्ये ९०.१ प्रतिशतको अर्ध आधुनिक घरमा बसोबास रहेको, करिब ९३.१ प्रतिशतले बत्ति बाल्नका लागि बिजुलीको प्रयोग गरेको पाइयो। सर्वेक्षणका क्रममा गण्डकी गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको सन्तुष्टिको धारणाको नतिजा अनुसार ७३.४ प्रतिशत चेपाङ घरधुरी गाउँपालिकासँग सन्तुष्ट रहेको पाइयो। यसरी गरिएको घरधुरी सर्वेक्षणको नतिजाले  गाउँपालिका मार्फत लक्षित समुदायका लागि संचालन गर्नु पर्ने कार्यक्रम योजनाहरु तर्जुमा गर्नका लागि सहयोग पुग्ने देखिन्छ। यसै अन्तर्गत चेपाङ जातिको पछिल्लो चित्रणले यो जाति/समुदायकालागि कार्यकम संचालन गर्ने संघसँस्था लगायत सरोकारवालाहरुलाई यस अध्ययनले सहयोग पुग्ने देखिन्छ।

Chepang Househod Location at Gandaki RM





Map
Satellite
PATISHWARA
पातिश्वारा
Sandikhola
Rameshwor Temple
SIMLE
सिम्ले
KOUDI
कौदी
GHYAPRIGAU
घ्याप्रीगाउँ
KERABARI
केराबारी
Sports club
RANISHWARA
रानीश्वारा
Summit River Lodge
Riverside Springs Resort
Mustang Paradise Guest House & Thakali Chulho
Darbung
दर्बुंग
Tanglichok
ताङ्लिचोक
Kurintar Retreat
KURINTAR
कुरिन्टार
Serene Highway Resort
Trishuli
DALBHANJYANG
दलभञ्ज्याङ
Siddhartha Riverside Resort Pvt Ltd, Chitwan
Trishuli
Darechok
दारेचोक
CHISPANI
चिसपानी
KULCHHAP
कुल्छाप
AAIDADA
आइडाँडा
Gandaki Rural Municipality Office
गण्डकी गाउँपालिका कार्यालय
Bhumlichok, Gorkha
Bhairabi Temple
Fisling Supension Bridge
फिस्लिङ झोलुङ्गे पुल
Google
Keyboard shortcuts
Map data ©2024 Google Imagery ©2024 Airbus, CNES / Airbus, Landsat / Copernicus, Maxar Technologies
Terms
Report a map error


Map
Satellite
Bhumlichowk
भुम्लिचोक
Agriculture Development
Bank Limited
कृषि विकास बैंक लिमिटेड
aapachor
Trishuli
Mid-Hill Hwy
Mowa Khola
Adventure Aves
Rafting and Kayaking
Annapurna Quarries
H04
DARSAN
Hugdi jharana
पुष्पलाल लोकमार्ग
पृथ्वी राजमार्ग
Mid-Hill Hwy
hugdikhola
Trishuli
7 No. Ward Office
Gandaki Rural...
Shree Goirang Lower
secondary school
Rastriya Secondary
Anubhav chatpate
Google
Keyboard shortcuts
Map data ©2024 Google Imagery ©2024 Airbus, CNES / Airbus, Maxar Technologies
Terms
Report a map error


Map
Satellite
Krishna Bahadur chepang
Trishuli
पुष्पलाल लोकमार्ग
Google
Keyboard shortcuts
Map data ©2024 Google Imagery ©2024 Airbus, CNES / Airbus, Maxar Technologies
Terms
Report a map error